## श्रीकृष्ण जन्माष्टमीको पुनीत उपलक्ष्यमा

### सांस्कृतिक संस्थान प्रस्तुत गर्दछ

# 'श्रीकृष्ण लीला'

(गीति–नाटक)



२०४० भदौ १५ गते

# कलाकारहरू

**पुरुष पात्र**

| | | | |
|---|---|---|---|
| १. श्रीकृष्णको भूमिकामा— | | | चरण प्रधान |
| २. कंसको | ऐ | | गौतमरत्न तुलाधर |
| ३. बसुदेवको | ऐ | | भीमसेन थापा |
| ४. विप्रको | ऐ | | भृगुराम |
| ५. अक्रूरको | ऐ | | बलराम खतिवडा |
| ६. नन्दको | ऐ | | रामराज क्षेत्री |
| ७. धेनुकासुरको | ऐ | | लक्ष्मण गोपाल |
| ८. बकासुरको | ऐ | | अर्जुन गुरुङ्ग |
| ९. पुरोहितको | ऐ | | लोक विजय ढकाल |
| १०. गोपको | ऐ | १. | स्वयम्भूराज शाक्य |
| ऐ | ऐ | २. | के० बी० लामा |
| ऐ | ऐ | ३. | खेलबहादुर लामा |
| ऐ | ऐ | ४. | कृष्णहरि थापा |
| ११. कृष्णको रूप | ऐ | १. | मदन थापा |
| कृष्णको रूप | ऐ | २. | विजय मानन्धर |
| कृष्णको रूप | ऐ | ३. | ध्रुव वन्त |
| १२. योगीको | ऐ | १. | लोकमणि सापकोटा |
| १३. द्वारपालको | ऐ | १. | नशिबलाल गुप्ता |
| ऐ | ऐ | २. | भोला थापा |
| १४. बाल कलाकारहरू | | | |
| श्रीकृष्णको | ऐ | १. | राजद्वीप लामा |
| ऐ | ऐ | २. | समीर भण्डारी |
| गोपको | ऐ | १. | भरत थापा |
| ऐ | ऐ | २. | रुपेश गौतम |
| ऐ | ऐ | ३. | भूषण खनाल |

## स्त्री पात्र

| | | | |
|---|---|---|---|
| १. यशोदाको भूमिकामा | | | भुवन चन्द |
| २. राधाको | ऐ | | ममता तमाङ्ग |
| ३. देवकीको | ऐ | | कृष्णा प्रधान |
| ४. गोपिनीको | ऐ | १. | ललिता लामा |
| ५. ऐ | ऐ | २. | मथुरा शाहा |
| ६. ऐ | ऐ | ३. | अनुराधा गुरुङ्ग |
| ७. ऐ | ऐ | ४. | सावित्री वज्राचार्य |
| ८. ऐ | ऐ | ५. | मीना राई |
| ९. ऐ | ऐ | ६. | रति गुरुङ्ग |
| १०. बाल-कलाकारहरू | | | |
| गोपिनीको | ऐ | १. | ईश्वरी नेपाल |
| ऐ | ऐ | २. | स्नेहलता अधिकारी |
| ऐ | ऐ | ३. | सरिता गिरी |

| गायक | गायिका |
|---|---|
| १. भक्तराज आचार्य | १. कमला श्रेष्ठ |
| २. सुदेश शर्मा | २. सुस्मीत अधिकारी |
| ३. कमल क्षेत्री | ३. भुवन चन्द |
| ४. स्वयम्भूराज शाक्य | ४. निर्मला श्रेष्ठ |
| ५. विजय मानन्धर | ५. सुभद्रा अधिकारी |
| ६. भृगुराम | ६. विमला श्रेष्ठ |
| ७. कमल श्रेष्ठ | |
| ८. विनोद गुरुङ्ग | |
| ९. श्यामबहादुर थापा | |
| १०. नशिबलाल गुप्ता | |



## वाद्य-वादकहरू

| | |
|---|---|
| १. मोहन कृष्ण | १०. लोक विजय ढकाल |
| २. मदन परियार | ११. शुशिला अमात्य |
| ३. विश्वनाथ | १२. रोजकपूर |
| ४. नारायण दाश | १३. रामेश्वर |
| ५. बच्चुलाल | १४. परमेश्वर |
| ६. कमल | १५. न्हुछेमान |
| ७. शुभबहादुर | १६. प्रेमदेव गिरी |
| ८. राजु अग्रवाल | १७. पूर्णप्रसाद मानन्धर |
| ९. विद्या मुक्ताङ् | १८. कमल क्षेत्री |

रिकर्डिङ्ग:— श्याम मानन्धर र शिवप्रसाद

री. रिक:— कृष्णराम मुल्मी (साभार रेडियो नेपाल)

रिकर्डिङ्ग सम्पादन:— कमल क्षेत्री

भेष-भूषा:— भुवन चन्द

श्रृङ्गार:— कृष्णरत्न

रंगमञ्च श्रृंगार:— मदन लामा र नीलबाबु

प्रकाश:— श्याम तामाङ र दशरथ गुरुङ्ग

ध्वनि:— श्याम मानन्धर, शिवप्रसाद र जगतबहादुर

लेखक:— डा. ध्रुवचन्द्र गौतम

नृत्य-निर्देशक:— वेद गुरुङ

निर्देशक:— हरिप्रसाद रिमाल

संगीत-निर्देशक:— 'नेपाल कला-भूषण' चन्द्रराज शर्मा

—*—



# दृश्य—१

पर्दा बाहिर एउटा योगी र उनका शिष्य-शिष्याको प्रवेश। पर्दा खुल्छ। मुरलीको धून। अँध्यारो। योगीहरू दर्शन् गर्दछन्, (१) कृष्णको एउटा तस्वीर। (२) कृष्णको मूर्ति। (३) साक्षात् श्रीकृष्ण, एक हातमा मुरली र अर्को हात अभय मुद्रामा मन्द मुस्कुराउँदै उभिएका।

सबै : जय श्रीकृष्ण।

अँध्यारो। प्रकाश हुँदा कृष्ण अन्तर्ध्यान भइसकेका हुन्छन्। गीतको धून बज्न थाल्छ। वृद्ध योगी कृष्णको मूर्ति लिएर ढोग्छन् र छातीमा टाँस्छन्। एउटा शिष्य कृष्णको तस्वीर झिकेर ढोग्छ र छातीमा टाँस्छ। शिष्यहरू वा शिष्या पनि नाच्न सक्छन्। त्यसपछि सबै गाउन थाल्छन्। थाल्नीका पंक्तिहरू गाइसकेपछि सबै गाउँदै प्रस्थान गर्छन्। तर गीत चलिरहन्छ नेपथ्यमा।

अन्तराको धून बज्दाबज्दै दोस्रो पर्दा खुल्छ। त्यहाँ सीमित र केन्द्रीत उज्यालोमा कारागारको ढोका र भित्री भाग देखिन्छ। ढोकामा एउटा भुँडे र अर्को अस्वाभाविक रूपको जुङ्गा भएको द्वारपाल, बसेर निदाइरहेका हुन्छन्।

भित्र वसुदेव र देवकी देखिन्छन् । नवजात कृष्णलाई देवकी स्नेह गर्दै बसेकी छिन् । प्रकाश तिनीहरूमाथि केन्द्रित छ ।

वसुदेव चिन्तित, चिउँडोमा हात राख्ने, ओहोर-दोहोर गर्ने गर्छन् । अन्तरा शुरू हुनु अघिको दृश्य । यस दृश्यका साथै प्रथम अन्तरा गाइन्छ ।

समूह : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा ।

योगी : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा ।

शिष्या : यो कथा होइन, यो अमरता हो,
जसले जीवन थप्दछ जीवनमा ।

समूह : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा ।

[सबैको प्रस्थान । माथि वर्णित दृश्य थालिन्छ, अन्तराको धूनका साथै । अन्तरा गाइन्छ ।]

योगी : जहाँ कंस र कारागार थियो,
पृथ्वीमा ठूलो भार थियो ।
वसुदेव – देवकी थुनिएका,
तिनको चिन्तित अनुहार थियो ।

[देवकी चिन्तितभन्दा पनि दुःखी देखिन्छिन् । हत्केलाले मुख छोप्छिन् र दुःखको भाव प्रदर्शित गर्छिन् । वसुदेव कुनै उपाय सोचिरहेका देखिन्छन् ।]

योगी : ती दुवै बसेर सोच्नु थियो,
कुनै एउटा बाटो रोज्नु थियो ।
आफू थिए कंसको बन्धनमा,
तर कृष्णको मुक्ति खोज्नु थियो ।
पानी झैं अँध्यारो दर्किन्थ्यो,
झन् द्वार हरेक बेहोश थियो ।
यता शिशुको कोमल पीर थियो,
उता मृत्यु र भयको भीर थियो ।



शिष्या : मानिसको सधैं चिन्ता यो,
शिशुलाई सपना मिल्छ कता ?

समूह : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा ।

[वसुदेव उपाय फेला पार्दछन् । उनको प्रसन्नता देखिन्छ । एउटा टोकरी ल्याउँछन् । देवकीबाट शिशु लिन्छन् र टोकरीमा पराल र त्यसमाथि कृष्णलाई त्यसमा सुताउँछन् । अँध्यारो बेला बेलामा बढे जस्तो हुन्छ ।

एक्कासि केही आवाज आउँछ । वसुदेव झस्किन्छन् । चारैतिर हेर्छन् ।

वसुदेव टोकरी टाउकामाथि राखेर हिँड्न थाल्छन् । देवकी खप्न नसकेर दगुरेर आउँछिन् र वसुदेवको बाटोमा उभिन्छिन् । आफ्नो मुटुको टुक्रा छुट्टिन लागेको भाव प्रदर्शित गर्छिन् । कृष्णलाई नलैजाने आग्रह गर्ने थाल्छिन् । रुँदै वसुदेवको खुट्टामा छाँद हाल्छिन् । वसुदेव देवकीको टाउको सुम्सुम्याउँदै आफू पनि भावुक हुन्छन् र आँखा चिम्लिन्छन् । त्यसपछि देवकीलाई उठाउँछन् अनि बिस्तारै अगाडि बढ्छन् । देवकी अब वसुदेवलाई रोक्न त रोक्दिनन्, विह्वल भने हुन्छिन् । वसुदेव ढोका उघार्छन् । उनी जान थाल्छन् । देवकी वसुदेवको हिंडाइसितै भित्र कारागारमा, २-४ पाइला समानान्तर हिंड्छिन् । अन्त्यमा झन् विह्वल भएर दुवै हात हत्केलीहरूबाट छिराएर फिंजाउँछिन् र कृष्णलाई बोलाए झैं गर्छिन् । रुन्छिन्, अनि हात झिकेर त्यहीं आशक्त झैं भएर तल बस्छिन् । अलि पर पुगिसकेका वसुदेव फर्कन्छन् टक्क अडिएर, भावुक भएर, त्यो दृश्य देख्छन् । त्यसपछि बिस्तारै हिंड्छन् ।]

योगी : वसुदेव कृष्णलाई लिई हिंडे,
ममता भो ममतालाई छेक्ने।

[दोस्रो पर्दा लाग्छ। बिजुली चम्किन्छ। मेघ गर्जेको र नदी उर्लेको आवाज आउँछ। तत्काले स्त्री र पुरुष भेषमा यमुना र शेष आउँछन्।]

योगी : कहीं यमुना अनि कहीं शेष उठे,
कृष्णका पाउमा शिर टेक्ने।

[कृष्णलाई तिनीहरू नमस्कार गर्छन्। एकछिन अडिन्छन्। शेषले वर्षाबाट रक्षा गरेको र उर्लेकी यमुनाले वसुदेवलाईं बाटो दिएको भाव प्रदर्शित हुन्छ। पर्दा लाग्छ।

पर्दा बाहिर बिजुली र मेघ-गर्जनकै बीचमा वसुदेवको यात्रा प्रदर्शित।

पर्दा खुलेपछि, यशोदाको कक्ष देखिन्छ। यशोदा निद्रावस्थामा छिन्। वसुदेव, सावधानी साथ, एकपटक कृष्णलाई हेरेर लामो सास फेरेर यशोदाको छेउमा कृष्णलाई राखिदिन्छन् र यशोदाकी छोरीलाई टोकरीमा राख्छन्। यशोदाको छेउमा सुतेकी कृष्णलाई पर गएर हेर्छन्। फेरि नजीक जान्छन्, यस्तै क्रम। अब उनी पुत्र-प्रेमले कातर देखिन्छन्।]

योगी : व्रजमा वसुदेव पुगेदेखि,
उनी भित्रको बाबु रुन थाल्यो।
सब कुरा मिले पनि पुत्र छुट्यो,
मनलाई यसैले छुन थाल्यो।
अब म तिम्रो कोही होइन,
म पिता, पिता जस्तो भइनँ।
अब नन्द यशोदाका तिमी हौ,
भन्ठान म दुनियाँको छैन।



[वसुदेव कातर भएर, घुँडामा हात र हातमा टाउको अड्याएर बस्छन्।]

शिष्या : यो कथा थालिन्छ अँध्यारोमा,
तर बढ्दै जान्छ उज्यालोमा।

समूह : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा।

योगी : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा।

शिष्या : यो कथा होइन, यो अमरता हो।
जसले जीवन थप्दछ जीवनमा।

समूह : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा।

[पर्दा।]

—★—

## दृश्य—२

[सङ्गीतको मीठो धून शुरू हुन्छ। मुरली पनि। अँध्यारोको बीचमा:

(१) एउटा बाल-श्रीकृष्ण, सिंगारिएर, हातमा मुरली लिएर, मञ्चको बाहिरबाट देब्रे तिर जान्छन्।

(२) अघिभन्दा ठूलो, तर बालक कृष्ण मञ्चको अघि गएको भागबाट प्रवेश गर्छन्। पछि पछि ग्वाल-बाल छन्, तिनलाई लिएर घुम्छन्। केही सखी-का साथ राधाको प्रवेश हुन्छ। राधा माया गर्ने ध्येयले कृष्णलाई अंगालो हाल्न खोज्छिन्। हात समाउँछिन्। कृष्ण राधाबाट आफूलाई छुटाउन बल गर्छन्। राधा हाँस्दै नछाड्ने अभिनय

योगी : वसुदेव कृष्णलाई लिई हिंडे,
ममता भो ममतालाई छेक्ने ।

[दोस्रो पर्दा लाग्छ । बिजुली चम्किन्छ । मेघ गर्जेको र नदी उर्लेको आवाज आउँछ । तत्काले स्त्री र पुरुष भेषमा यमुना र शेष आउँछन् ।]

योगी : कहीं यमुना अनि कहीं शेष उठे,
कृष्णका पाउमा शिर टेक्ने ।

[कृष्णलाई तिनीहरू नमस्कार गर्छन् । एकछिन अडिन्छन् । शेषले वर्षाबाट रक्षा गरेको र उर्लेकी यमुनाले वसुदेवलाई बाटो दिएको भाव प्रदर्शित हुन्छ । पर्दा लाग्छ ।

पर्दा बाहिर बिजुली र मेघ-गर्जनकै बीचमा वसुदेवको यात्रा प्रदर्शित ।

पर्दा खुलेपछि, यशोदाको कक्ष देखिन्छ । यशोदा निद्रावस्थामा छिन् । वसुदेव, सावधानी साथ, एकपटक कृष्णलाई हेरेर लामो सास फेरेर यशोदाको छेउमा कृष्णलाई राखिदिन्छन् र यशोदाकी छोरीलाई टोकरीमा राख्छन् । यशोदाको छेउमा सुतेको कृष्ण-लाई पर गएर हेर्छन् । फेरि नजीक जान्छन्, यस्तै क्रम । अब उनी पुत्र-प्रेमले कातर देखिन्छन् ।]

योगी : व्रजमा वसुदेव पुगेदेखि,
उनी भित्रको बाबु रुन थाल्यो ।
सब कुरा मिले पनि पुत्र छुट्यो,
मनलाई यसैले छुन थाल्यो ।
अब म तिम्रो कोही होइन,
म पिता, पिता जस्तो भइनँ ।
अब नन्द यशोदाका तिमी हौ,
भन्ठान म दुनियाँको छैन ।



[वसुदेव कातर भएर, घुँडामा हात र हातमा टाउको अड्याएर बस्छन् ।]

शिष्या : यो कथा थालिन्छ अँध्यारोमा,
तर बढ्दै जान्छ उज्यालोमा ।

समूह : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा ।

योगी : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा ।

शिष्या : यो कथा होइन, यो अमरता हो ।
जसले जीवन थप्दछ जीवनमा ।

समूह : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा ।

[पर्दा ।]

—★—

## दृश्य—२

[सङ्गीतको मीठो धून शुरू हुन्छ । मुरली पनि । अँध्यारोको बीचमा :

(१) एउटा बाल-श्रीकृष्ण, सिंगारिएर, हातमा मुरली लिएर, मञ्चको बाहिरबाट देब्रेतिर जान्छन् ।

(२) अघिभन्दा ठूलो, तर बालक कृष्ण मञ्चको अघि गएको भागबाट प्रवेश गर्छन् । पछि पछि ग्वाल-बाल छन्, तिनलाई लिएर घुम्छन् । केही सखी-का साथ राधाको प्रवेश हुन्छ । राधा माया गर्ने ध्येयले कृष्णलाई अंगालो हाल्न खोज्छिन् । हात समाउँछिन् । कृष्ण राधाबाट आफूलाई छुटाउन बल गर्छन् । राधा हाँस्दै नछाड्ने अभिनय

[कृष्ण हाँसेर अभय दिन्छन्। भानु गुँडुल्किन छाड्छ। उठेर बस्छ। उभिन खोज्छ, तर ज्यादै हास्यास्पद किसिमले खोच्याउँछ। चारैतिर दुखे झैं अभिनय गर्छ।]

कृष्ण : [रिसाए झैं] अब मसित कोही पनि तिमीहरू नबोल, जाऊ घर,
म यो वनमा एक्लै हिंड्छु, कोही नहेर मतिर।
अब आउलाउ मनिर, मुरली सुनाउ भनेर,
[मुरली देखाउँछन्]
अब आउलाउ, कृष्ण हिंड, दही चोर्न जाऊँ भनेर ?
[एउटा थुम्कोमा बस्छन्, रिसाएकै भावमा]

भानु : [पोल्टा वा पोकोबाट अँजुलीभरी गुच्चा लिएर कृष्णलाई दिंदै।]
मलाई माफी देऊ कृष्ण, मलाई गुच्चा चाहिन्न,
तिमी रिसायौ भने त, बाँच्नुकै माने पाइन्न।
तिम्रो मुरली सुन्न पाइन्न भनेर आत्तियौं,
नछाड हामीलाई आखिर, हामी तिम्रा साथी हौं।

[कृष्ण भानुको काँध थुम्थुम्याउँछन्। उठ्छन्। एउटा सानो गोप बालकतिर हेरेर, के गरूँ, यिनीहरूलाई माफी दिउँ ? भनेर सोध्ने संकेत प्रदर्शित गर्छन्। सानो चाहिं गोप, आँखा झिम्क्याएर, ओठ टोकेर र हात नचाएर, हुन्छ, माफी देऊ सबैलाई भन्ने संकेत गर्छ।

कृष्ण बिस्तारै मुरली झिक्छन् र बजाउन थाल्छन्। गोपहरू प्रसन्न भएर नाच्न थाल्छन्।]

—★—



# दृश्य—४

[बिहानको लालीका साथै, यशोदा घरका विभिन्न काम, राखन-धरन गर्दै कृष्णलाई स्नेहसाथ बिउँझाउँछिन्। कृष्ण निदाइराखेका देखिन्छन्।]

यशोदा : सूर्यले दिन्छ तिमीलाई
किरणको माला,
बिउँझेर दुनियाँ हेर,
उठ नन्दलाला।

तिम्रो कलिलो मुख झैं
भोरको लाली।
पानीमा ऐना हेर्छ,
यमुना औंगाली।

फूल पनि मगमगाउँछन्
सपना उज्याला।
बिउँझेर दुनियाँ हेर,
उठ नन्दलाला।

[कृष्ण उठ्छन्। आँखा मिच्दै रुन थाल्ने गर्छन्। यशोदा, के भयो भनेर सोध्दै, आत्तिन्छिन् र कृष्णको कपाल मुसार्छिन्, चिउँडो समाते फेरि सोध्छिन्, के भयो ? कृष्ण पेटतिर देखाएर, भोक लाग्यो भन्ने संकेत गर्दछन् र मुखतिर हात लगेर केही खान माग्दछन्। यशोदा कुटुँला झैं गरेर हात उजाउँछिन्। कृष्ण जुर्मुराएर उठ्छन्। थालीको एउटा लड्डु चोरेर हात पछिल्तिर लग्छन्। यशोदा त्यो देख्छिन्। कृष्णको कान समाउँछिन् र पछिल्तिर लगे·

को हात देखाउन भन्छिन्। कृष्ण कान समाइएकाले दुखेको अभिनय गर्दै, हातको लड्डू देखाउँछन्। यशोदा त्यो खोसेर थालमा राख्छिन्। अनि पानी ल्याएर मुख धुन लगाउँछिन्। आफैले पानी हालिदिन्छन्। कृष्ण रुमालले मुख पुछ्छन्। त्यसपछि यशोदा एउटा लड्डू दिन्छिन्। कृष्ण खान थाल्छन्।]

यशोदा : गाई चराऊ
वृन्दावनमा रमाऊ।
जीवनको हरियोपनलाई
मनले समाऊ।
तिम्रो बाटो हेर्दै होलान्
सब गोप-ग्वाला।
बिउँभेर दुनियाँ हेर,
उठ नन्दलाला।

कृष्ण : आमा! मेरी ममता तिम्रो
कहिल्यै सुकेन। २
तिम्रो स्नेह अरु पनि पाउँ
थतिले पुगेन।

[शुरूका दुई पंक्तिमा मातृप्रतिको भक्तिभावको प्रदर्शन गर्दछन् कृष्ण। तर पछिल्ला दुई पंक्ति भने, खाइरहेको र परतिर रहेको थालीको लड्डूतिर देखाएर गाउँछन्। अर्थात लड्डूलाई 'स्नेह' भन्दै 'अरु पनि पाऊँ' भन्दछन्।]

[यशोदा हलुकासित कृष्णलाई गालामा हिर्काउँछिन् र अनि अर्को एउटा लड्डू थपिदिन्छिन्।]



यशोदा : सम्भिरहलान्, मानिस सधैं,
तिम्रो चञ्चल चाला... ...।
बिउँभेर दुनियाँ हेर,
उठ नन्दलाला।

[गीत सकिंदा नसकिंदै राधा तथा अन्य २-४ गोपिनीहरूको घडा लिएर प्रवेश। राधा र गोपिनीहरूका कर्के र क्रोधित हेराइ कृष्णतिर, 'पख तिमीलाई' भन्ने भावकासाथ। कृष्ण मुसुक्क हाँसेर राधातिर हेर्छन्। राधा मुख बिगार्दै, मुन्टो बटार्छिन्। कृष्ण एक दुई पाइला सरेर, बटुंग्याइको भाव देखाएर अभिरहन्छन्।]

राधा : माता,
आफ्नो प्यारो छोरोलाई सम्झाइदेऊ,
कि हिंड हामीसित तिमी, यमुनाको तिर,
कि कृष्णको पाता, तिमी फर्काइदेऊ।

यशोदा : तिमीहरूलाई के भो, एका बिहानै ?
मेरो कृष्ण बिचरो भर्खरै उठदैछ,
गुनासो छ, चर्को घाम समानै ?

राधा : उठ्छन् अहिले, भिसमिसेमै...त्यौं पुगे,
जहाँ हामी न्वाउँदै लुगा फेर्दै थ्यौं,
हामीले धम्की दिएपछि, अनि लुके।

यशोदा : तिमीहरूलाई भ्रम भो, सपनामा देख्यौ,
मेरो कृष्ण एउटै छ दुइटा छैन,
[कृष्णतिर] बाबु, तिमीले यिनीहरूको बाटो छेक्यौ ?
[कृष्ण कान समाउँदै, जिब्रो टोक्दै, होइन भनेर मुन्टो हल्लाउँछन्।]

यशोदा : त्यसै आई, कृष्णलाई आँखा लग्यौ,
यो त बाहिरै निस्केको छैन, अनि ?
[कृष्णलाई] मन त यिनीहरूलाई तिमीले के गर्‍यौ ?

कृष्ण : न आँचल तानें न चुल्ठो पक्रिएँ,
मलाई जिस्क्याउन सधैं निहु खोज्दछन,
मलाई मन पर्दैन यस्तो, भनिदिएँ।

राधा : चुल्ठो-आँचल जोगे, गाग्रो फोरिदिए,
[गोपिनीहरू पछिल्तिर फर्केर देखाउँछन, चुल्ठो र आँचल बांधिएको देखिन्छ ।]
जे गरेको छैन भन्छन, सब गरे,
हामीले फेर्ने लुगा पनि चोरिदिए ।

[एउटा गोपको प्रवेश]

गोप : माता, कृष्णको लट्ठी दिनुहोस्,
म लिन आएको छु ।
आज बल्ल कृष्णसित,
खेल्न प्रहर पाएको छु ।

यशोदा : तिमी कृष्णको लट्ठी कि,
कृष्णै लिन आयौ यहां ?
हेर तिमी पनि एकै छिन,
मुद्दा परेको कृष्णमा ।

गोप : कृष्ण रूखको छहारीमा,
कान-काना पिथा खेल्दै छन् ।
कति चनाखा एक्लैले,
हामी सबलाई छल्दै छन् ।
[गोप कृष्णलाई त्यहां देख्छन् ]
लौ तिमी ता यहां देख्छु,
उडेरै आयौ कि के ?



कि जहां पनि देखिने,
जादू कुनै पायौ कि के ?

राधा : यशोदा माता, ल हेर्नु स्,
कस्तो ठग्ने गर्दछन् ?
यी कहां कहां पुग्दछन्,
अनि कति भएर पुग्दछन् ?

यशोदा : [हांस्छिन]
कुनि है हिंड म पनि
यमुना नदीमा न्वाउँछु ।
कृष्ण तिमी घर हेरी बस,
म केही छिनमा आउँछु ।

कृष्ण : हुन्छ आमा, तर केही गरी,
भोक लागेछ भने ?
पेटले फेरि हजुरको,
स्नेह मागेछ भने ?
म अलिकति……[लड्डू देखाएर खाने संकेत गर्दछन् ।]

राधा : [कृष्णको अनुकरण गर्दै कुरा पूरा गर्छिन् ।]
लड्डू खान्छु, सुन्नुहोस् यिनका कुरा,
माग्ने पनि छन्, चोर पनि छन्,
गुणका धारिला छुरा ।

[कृष्ण राधासित रिसाए झैं गर्छन् । राधा यशोदाको आडमा विजयी भाव प्रदर्शित गर्छिन् । यशोदा, राधा र अन्य गोपिनीहरूको प्रस्थान । जाने बेलामा, कृष्ण राधाको चुल्ठो र आँचल फुकाउन खोज्छन् । यशोदाले फर्केर हेरेकोले, फवाट्ट छोडेर भलादमी बनेर हांस्छन, यशोदालाई हेर्दै । राधा हाँस्दै खा खुच्चिक गर्दै जान्छिन् ।]

[कृष्ण र अगिको गोप। गोप कृष्णलाई, के गर्नें भनेर सोध्छ, ऊ लड्डूतिर देखाएर, त्यो खाने भनेर सोध्छ। कृष्ण, देखाएर, त्यो होइन त्यो, भनेर माथि सिकरमा झुण्डिरहेको हांडी देखाउँछन्। गोपको पिठ्यूँ वा कांधमा चढी पहिले हांडीको बिर्को उघारेर भित्र हेर्छन्। कृष्णलाई गोप अलि थाम्न नसके जस्तो देखिन्छ र थर्थराउन थाल्छ। तर गोप त्यसो गर्दागर्दै थाम्न नसकेर ऊ कृष्णलाई तल ओराल्छ। गोप स्वां स्वां गरिरहन्छ। कृष्ण गोपलाई सोध्न थाल्छन्। विभिन्न हास्य-स्थितिमा दही अथवा मही चोरेर खान थाल्छन्। पर्दा।]

—★—

## दृश्य—५

[बगैंचाको दृश्य। फूल बिरुवा र लहराहरू छन्। राधाको गीत र नृत्य। गीतका प्रथम दुई पंक्तिको थाल्नीमा फूलहरूतिर देखाउँदै, गालामा फूलको स्पर्श गराउँछिन्।]

राधा : कसले यौवन जस्ता राम्रा फूल फुलाउँछ ?
कसले प्रीति जस्तो मीठो सपना रङाउँछ ?

कृष्ण : [नेपथ्यबाट] राधा, राधा, राधा

[राधा आवाजका साथै यता उति झस्किंदै खोज्दै हेर्छिन्।]

राधा : तिम्रो यस्तै बोलाइले, प्रेम-धारा बगाउँछ।

कृष्ण : राधा, राधा, राधा

राधा : तिम्रो यस्तै बोलाइले, प्रेम-धारा बगाउँछ।



राधा : नदेखे पनि, तिम्रो नजरमा छु,
नछोए पनि, तिम्रो रहरमा छु,
तिम्रो योग-वियोग, मलाई उस्तै,
म त तिम्रै संरक्षणमा छु।

[मुरली बज्छ। राधा त्यसको धून सुनेर मोहित र कृष्णलाई धूनसंगै खोजिरहेकी देखिन्छिन्।]

राधा : तिम्रो मुरलीको धूनले मलाई नचाउँछ।

कृष्ण : [नेपथ्यबाट] राधा, राधा, राधा

राधा : तिम्रो यस्तै बोलाइले, प्रेम धारा बगाउँछ।

राधा : हिजो हावाले मेरो ओठ छोयो,
मैले ठानें, हात त्यो तिम्रो हो।
यदि सपनामै तिमी देखिन्छौ,
भने बिउँझनुभन्दा त्यही राम्रो हो।

[राधा आंखा चिम्लन्छिन्। कृष्ण कतैबाट आएर राधाको अनुहार-ओठ-गाला कपाल हातले स्पर्श गर्छन्। अनि राधाको पछिल्तिर लुक्छन्। राधा, एकछिन त सपनामै कृष्णले स्पर्श गरे झैं मानेर, त्यसमा डुबिरहन्छिन्। बर तुरुन्तै त्यसपछि झस्केर हेर्छिन्। चारैतिर। राधा घुम्दै गर्दा, कृष्ण पनि राधाको पछिल्तिर घुम्दै जान्छन्।]

राधा : तिम्रो स्पर्शले, मेरो मन बिउँझाउँछ।

कृष्ण : राधा, राधा, राधा

[कृष्ण पछिल्तिर छन्। बर यसमा, पहिलो र दोस्रो पटक, राधा, राधा भन्ने आवाज अन्तबाट, दुई विपरीत दिशाबाट आउँछ, जुन सुनेर राधा आवाजका भरमा कृष्णलाई खोज्ने गर्छिन्। तेस्रो पटक राधा भनेर, कृष्ण पछिल्तिरबाट भन्छन्. जुन भनेपछि

राधा तुरुन्त पछाडि फर्केर कृष्णलाई दुवै कांधमा समाउँछिन् ]

राधा : तिम्रो यस्तै बोलाइले, प्रेम-धारा बगाउँछ ।

[कृष्ण र राधा हांस्छन् । कृष्णको छातीमा राधा टाउको अड्याउँछिन् । कृष्ण राधालाई अङ्कमाल गर्दछन् ।]

कृष्ण : तिमी त मेरो हृदयमा छौ,
म सधैं तिम्रो नजीक ।
तिमी त गो-लोक-वासिनी,
तिमीले आत्तिनु छैन ठीक ।

राधा : [कृष्णलाई संकेत गर्दै]
म त लीलाधारीको
लीलाको एउटा पात्र हुँ ।
यो जगत तिम्रो हो रचना
म त निमित्तै मात्र हुँ ।

कृष्ण : त्यसो भए, राधे तिमी,
मेरो समर्थनमा बस,
घर गर, माइती बनाऊ,
तिमी सुदार्शनमा बस ।

राधा : तर तिम्रो वियोग कहीं,
मध्यान्ह जस्तै लाग्दछ ।
त्यस बखत मनको उदासीले
तिमीलाई मार्गदछ ।

कृष्ण : [ बरदान दिए मैं ]
छायां तिम्रो अरूसंगै होस्,
आत्मा छ मैनिर ।
त्यही आत्मा लिई भेट्न,
आउनू तिमी यमुनातिर ।



[कृष्ण मुरली बजाउँछन्, राधा नाच्दछिन् । अन्त्यमा नाच्दा नाच्दै राधा कृष्णको घुँडामुनि नमन गर्दै बस्छिन् । कृष्ण, एक हातले राधाको टाउको मुसार्दछन्, अर्को हातले मुरली बजाउँदै जान्छन् । अँध्यारो हुँदै गए पनि, मुरलीको धून बज्दै हुन्छ । पर्दा ।]

—✱—

# दृश्य—६

[कंसको शयन-कक्ष । कंस सुतिरहेको छ । भयानकता उत्पन्न गर्ने किसिमको प्रकाश र ध्वनि । पृष्ठभूमिमा भयानक सङ्गीत । अट्टहास, रोदन, कुकुर भुकेको र श्याल कराएको स्वर । नगडाको आवाज ।

कंस सुतेको पलङ्गपछिल्तिरबाट ( एक्कासि ) एउटा भयानक आकृति प्रकट हुन्छ । एउटी दारा निस्केकी, दुब्ली रुक्ष, र कठोर अनुहार भएकी वृद्धा । उसको तिलचामले झांको फिजिएको छ । देब्रे हातमा खप्पर, जसमा राता घर्काहरू छन् र दाहिने हातमा खड्ग छ । बूढी उभिनासाथ, अट्टहास गर्छे र नाच्न थाल्छे । नृत्यमा पनि भयानकता छ, जसमा कंसलाई इङ्गित गरेर तरबार र खप्पर बारम्बार घुमाइन्छ । नृत्यको बीच बीचमा अट्टहास । अन्तिम खड्ग र खप्परको संकेत र अट्टहासपछि वृद्धाको प्रस्थान । त्यसै अट्टहासले कंस बिउँझिन्छ । उसको अनुहारमा भयको छायाँ स्पष्ट छ । बत्ती चर्को । ऊ देब्रे हातले आफ्नो घांटी समाउँछ, छाम्छ, सुम्सुम्याउँछ । स्त्री

स्वां गरिरहेको छ। उठेर पानी खान्छ। कुप्पिइरहेको घण्टमा घनले दुई पटक हान्छ र प्रतीक्षा गरे झैं ओहोर-दोहोर गरिरहन्छ।

एक छिनपछि मञ्चमा दुवैतिरबाट विभिन्न पात्रहरू, पुरोहित, अक्रूर, उद्धव, सैनिक आदिको प्रवेश।]

पुरोहित : हे मेरा यजमान,
तिमीले किन सम्झयौ हामीलाई,
चीसो आधी रातमा।
कि कतैतिर युद्ध चम्क्यो,
संचो छैन कि गाथमा।

कंस : हे हितैषीहरू मेरा,
म उठें दुःस्वप्नले।
जसरी म भयभीत छु,
विपनामा कृष्ण-जन्मले।

विप्र : कंस तिमी दुःस्वप्न नास्ने,
यज्ञ आयोजन गर।
शिवजी रक्षक भएपछि,
कुन स्वप्नको के लाग्छ र?
त्यहाँ राख शिवजीको
धनु तोड्ने प्रतियोगिता।

कंस : कृष्णलाई पनि निम्तो दिन्छु,
र दिन्छु, एउटा चिता।
डाक, वसुदेवैलाई डाक,
उसैलाई म भन्दछु।
पिताद्वारै बोलाएर,
पुत्रको बध गर्दछु।



[एकजनाको प्रस्थान। तुरुन्तै वसुदेवको, हतकडी आदिले बांधिएर प्रवेश।]

कंस : वसुदेव तिमी व्रज गएर,
कृष्णलाई डाक ल्याऔ।
भन्नू, तिमीलाई निम्तो छ,
कंसको ठूलो यज्ञमा।

वसुदेव : तिमी खोज्छौ मेरो छोरो,
काल-आहारा बनोस्?
पुत्र मार्ने पिता माध्यम,
बन्यो, भन्ने फैलियोस्?
म आज तिमी के गर्छौं?
[हतकडी देखाएर] जति गर्न सक्थ्यौ, गरिसक्यौ।

कंस : [तरबार उजाउँदै, दारा किटदै]
नबिर्स वसुदेव अहिले
तिमी मेरा कैदी हौ।

[कंस तरबारले एक दुई पटक निष्फल वसुदेवमाथि प्रहार गर्छ, तरबार कंसका हातबाट मिल्किन्छ। कंस दाह्रा किट्छ र ऊ पुनः केही गर्दो हो; तर अक्रूर आदि कंसलाई शान्त हुनुपर्छ भनी सम्झाई संकेत गर्छन् नजीक गएर।]

वसुदेव : तिमी नबिर्स, बरु तिमी,
काथर हुनाले गर्जिन्छौ।
मत झन् त्यसकै बाबु हुँ,
जोखित तिमी यति तर्सिन्छौ।

[क्रोधित कंस इशारा गर्छ। दुई सिपाहीका साथ वसुदेवको प्रस्थान। कंसको मनःस्थिति बिग्रेको छ।]

अक्रूर : भैगो कृष्ण ल्याउन,
मै नन्दको घर पुग्दछु।

कंसको सन्देश, मेरो
भावनालाई पोख्दछु ।

[अक्रूरको प्रस्थान]

कंस : बकासुर अनि, धेनुकासुर,
जाओ त्यसभन्दा अगि ।
कृष्णलाई मारिदेऊ,
वनको कुनामा कहीं लगी ।

[बकासुर र धेनुकासुर अभिवादन गरेर निस्कन्छन् । कंस अरूलाई पनि जाने संकेत गर्छ । सबै गएपछि, एक्लो कंस, एउटा घण्टको आवाजमा तर्सिन्छ र यताउति गर्छ । त्यसपछि, क्रोधित मुद्रामा, हत्केलामा मुट्ठी बजाउँदै दाह्रा किट्दै, नेत्र विस्फारित गर्दै उभिरहन्छ ।]

[पर्दा ।]

—★—

# दृश्य—७

[बगैंचा । कृष्ण र गोपहरू, एउटा फलयुक्त वृक्षमुनि आउँछन् ।]

एउटा गोप: बडो डरलाग्दो छ ठाउँ,
यहाँ राक्षस बस्दछन् ।
बरु तिनै फल खाउँ,
जुन यहाँ, झर्दछन् र खस्दछन् ।

कृष्ण : तिमीलाई डर किन भयो,
म कृष्ण भन्ने बिर्सियौ ?



म हुँ भयको पनि भय,
अनि केसित तिमी तर्सियौ ?

[गोपालहरू फल टिप्दै खान थाल्छन् । झाङ पछिल्तिरबाट दुई असुहार, बकासुर र धेनुकासुरका, देखिन्छन् फेरि अलप हुन्छन् । त्यसपछि राक्षस अट्टहास गर्दै कृष्ण सामु उभिन्छन् । गोपहरू भयभीत भएर काम्न थाल्छन् । तिनीहरू खान लागेको फल तर्सेर फ्याँक्दा, ती फलहरूले राक्षसहरूलाई लाग्छ । दुखेकोले तिनीहरू झन् क्रोधित हुन्छन् ।]

धेनुक : यो बगैंचा मेरो हो,
कसले भन्यो, फल झार्नलाई ?
म तिमीहरूको प्राण लिन्छु,
फलको साटो खानलाई ।

[कृष्ण हाँसिरहन्छन् ।]

बकासुर : यो फुच्चे किन मुसुमुसु,
हाँसेर हेर्छ हामीलाई ?
एकै छिनमा गाउँछ अब,
मृत्युको सुरमा सुर मिलाई ।

कृष्ण : प्रकृतिले रोपेको बिरुवा,
यो, तेरो कसरी भयो ?
बगैंचा तेरो हो कि,
रूख तेरो हो, फल तेरो हो ?
मेरो हाँसो र तेरो,
हुङ्कारको यही हो फरक ।
तेरै रूखले तँलाई,
देख्ने छ मृत पहिलो फटक ।

धेनुक : जो पनि जीवनमा मर्छ,
पहिलो चोटि... मर्दछ ।

कृष्ण : मर्ने प्राणी यही सोची,
मर्ने साहस गर्दछ ।

[बकासुर र धेनुकासुर कृष्णमाथि विभिन्न प्रकारले जाई लाग्दछन् । युद्ध चल्छ । पहिले बकासुर ढल्छ । त्यो देखेपछि धेनुकासुर आउँछ । कृष्ण र धेनुकासुरको युद्ध । अन्त्यमा धेनुकासुर मृत्यु प्राप्त गर्छ । गोपहरू खुशी भएर गाउँछन् । त्यत्तिकैमा राधा र गोपिनीहरू पनि आएर नाच्न थाल्छन् । ]

समूह : न भक्षा, न कालको,
जय कन्हैयालालको ।

एउटी गोपिनी : मान्छेलाई मुक्ति दिने,
मदन गोपालको ।

समूह : जय कन्हैया लालको ।

गोपिनी : तिमी नै जीवन, तिमी नै मृत्यु,
तिमी नै दिन र रात हौ ।
तिमी कर्म र फल दुवै हौ,
तिमी सपना, प्रभात हौ ।

गोप : तिमी नै सञ्चालनकर्ता हौ,
जीवनरूपी जालको ।

समूह : जय कन्हैया लालको ।

गोपिनी : तिमीबाट नै सृष्टि सम्भव,
सृष्टि तिमीमै लय हुन्छ ।
तिम्रो भक्ति गर्ने मानिसको
जहिले पनि जय हुन्छ ।

गोप : तिम्रो प्रशंसा जति गरे पनि
गरि नसक्नु लालको...।



[प्रस्तुत पुस्तिकाको पृष्ठ २३ मा प्रकाशित 'दृश्य–८' को सट्टा यहां दिइएको 'दृश्य–८' मञ्चन हुनेछ । ]

## दृश्य—८

व्रज वासी सब इन्द्र पूजाको
लागि बसेका छन् भई तयार ।
यसै बीच श्रीकृष्ण आई सोध्छन्
आज के हो र, यस्तो हतार ।

आमा यशोदा भन्छिन् उनलाई
अन्न र गौको रक्षा गर्ने
मरुमा पनि वर्षा छरिनै रहने
इन्द्र पूजाको दिन हो आज
पूजा स्तुति गरी खुशी पार्न
हामी बसेका छौं भई तयार ।

श्रीकृष्ण भन्छन् सबैलाई राम्रोसंग सम्झाई ।
सर्व सृष्टि ईश्वरको मायाँ, उनकै वर्षा छायाँ
पृथ्वी, गाई, अन्नहरू छन्, हाम्रै दायाँ बायाँ ।

इन्द्रको हैन पृथ्वी, गौको पूजा भव्यसंग गरे
हाम्रो कल्याण हुनेछ, अनि पो पूजा राम्रो हुनेछ ।

उनको यो भनाइमा व्रजवासी सहमत भए
इन्द्र पूजाको साटो सबले, गौ पृथ्वीको पूजा गरे ।

श्रीकृष्णलाई भने सबले,
ज्योति दियौ बाबु तिमीले ।
अबदेखि पृथ्वी गौलाई पुज्छौं,

तिमीलाई मान्छौं, ईश्वरलाई भज्छौं
ईश्वरको उद्देश्यलाई साकार प्राण दिन्छौं ।
आफ्नो पूजा नगरी सबले
पृथ्वी, गौको पूजा गरेको
देखि इन्द्र कुपित भई
श्रीकृष्णलाई यसो भने ।
तिमी एउटा अबुझ बालक
म गोपहरूको उद्धारक र पालक
यी मान्छे कस्ता तिमी जस्तालाई
मानिस निहु खोज्ने तिम्रो के तागत ।
इन्द्रको क्षुद्र वचन सुनी,
श्रीकृष्ण भन्दछन् सामान्यै बनी ।
पहिले आफ्नो बुद्धि छाम,
अनि मलाई भन तिमी ।
बाहिरबाट मात्र कञ्चन,
भित्रबाट काँच तिमी ।
इन्द्र गर्जिंदै जान्छन् सबलाई
घेरै क्रोधाग्निमा परी
अब म हेर्छु व्रज यो कसरी
बग्नदेखि रोकिन्छ ?
बिजुली वर्षा भेलबाट,
कसरी बस्ती जोगिन्छ ?
[पर्दा ।]

—★—

समूह : जय कन्हैया लालको......।

[ नृत्य गर्दागर्दै अन्त्यमा राधा-कृष्ण मध्यमा हुन्छन् । वरिपरि घेरा बनाएर गोप-गोपिनीहरू नाच्दै गाउँछन । कृष्ण मुरली बजाउँछन् । पर्दा ।]

—★—

## दृश्य—८

[ पूजा ( इन्द्रोत्सव ) को तयारी गरिएको छ । यशोदा, नन्द र केही अन्य पनि छन्, व्यस्त । कृष्णको प्रवेश । ]

कृष्ण : [यशोदासित] माता, किन हो यस्तो तयारी ?
लड्डु पनि छ, नौनी पनि छ,
छ मनभोग र स्यारी,
माता, किन हो, यस्तो तयारी ?

यशोदा : हाम्रो अन्न र गौको रक्षा,
गर्दै मरुमा छर्छन् वर्षा,
तिनै इन्द्रले वर्षभरि नै,
गर्छन् हाम्रो सुरक्षा ।
आजको दिन इन्द्रोत्सव गर्छन्
व्रजका सब नरनारी ।

कृष्ण : माता, मिथ्या हुन गो तयारी,
सुन्नुहवस्, मेरो परिभाषा,
फाँड्दछु भ्रमको वारी,
माता, मिथ्या हुन गो तयारी ।

सर्व सृष्टि ईश्वरको माया,
उनकै वर्षा, छायां ।
पृथ्वी, गाई र अन्नहरू छन्,
हाम्रो दायां बायां ।
इन्द्रको होइन, पृथ्वी-गौको,
पूजा गर्नूस् भारी ।
माता, अनि पो हुन्छ तयारी ।

[ सब खुशी भएर पूजा गर्न थाल्छन् ]

नन्द : ठीक भन्यौ कृष्ण तिमीले
हामी त अन्धकारभित्रै थियौं,
ज्योति दियौ बाबु तिमीले ।
अबदेखि पृथ्वी र गौलाई पुज्छौं,
तिमीलाई मान्छौं र ईश्वरलाई भज्छौं,
ईश्वरको उद्देश्य साकार पार्छौं,
इन्द्रले कोप गरे, कोपैमा रुकछौं ।
हामी त सीपीलाई संसार भन्थ्यौं,
मोती दियौ कृष्ण तिमीले ।
ठीक भन्यौ कृष्ण तिमीले ।

[इन्द्रको कुपित उत्तेजित भएर, प्रवेश]

इन्द्र : हुन त तिमी एउटा, अबुझ जस्तो बालक,
म गोपहरूको उद्धारक र पालक ।
यी मान्ने कस्ता तिमी जस्तोलाई,
मसित निहुँ खोज्ने, किन तिमीलाई सकसक ?
सारालाई मेरो क्रोधाग्निको मुखमा,
जोतिदियौ कृष्ण तिमीले ।

समूह : हामी त अन्धकारभित्रै थियौं,
ज्योति दियौ कृष्ण तिमीले ।



कृष्ण : [ केही आवेशमा ]
पहिले आफ्नो बुद्धि छाम,
अनि मेरो जाँच तिमी ।
बाहिरबाट मात्र कच्छन,
मित्रबाट काँच तिमी ।

इन्द्र : [ क्रोधित ]
ठिटा तैंले साँच्चिकै,
मृत्युलाई आफ्नो बोलाइस,
मर्न मन लागेछ क्यार,
इन्द्रलाई चलाइस् ।

कृष्ण : म के हुँ, तिमी के हौ, पख म,
तिमीलाई भनुँला ।
पहिले अलिकति लड्डू खाऊँ,
अनि तिमीसित लडुँला ।

[ बेवास्ता छ कृष्णमा । एउटा लड्डू फिक्छन् । इन्द्र अति क्रोधित देखिन्छन् । उनी मञ्चको एक छेउ, कृष्ण बसेभन्दा विपरीततिर जान्छन् । दाह्रा किट्दै चारैतिर हत्केला घुमाउँछन् । झ्याप्प बत्ती निभ्छ र अँध्यारो हुन्छ । इन्द्र भएको ठाउँतिरबाट एउटा झिल्का बिस्तारै कृष्णतिर सर्छ । त्यसै बीच, कृष्ण भएको ठाउँतिरबाट पनि एउटा त्यस्तै झिल्का इन्द्रतिर सर्छ । एक ठाउँमा दुवै जुद्छन् । बिस्तारै इन्द्रतिरको तेजलाई कृष्णको तेजले पछि धकेल्न थाल्छ । अन्त्यमा झिल्काहरू निभ्छन् । उज्यालो हुन्छ । ]

इन्द्र : [पराजय र क्रोधको भावमा]
अब म हेर्छु व्रज यो कसरी,
बग्नदेखि रोकिन्छ ?

बिजुली, वर्षा भेलबाट,
कसरी बस्ती जोगिन्छ ?

[ इन्द्रको आवेशका साथ प्रस्थान ]

वृद्ध : यो त लौ, अति नै भयो,
अब गाउँ यो रहँदैन कि ?
इन्द्रले अपमान आफ्नो,
आज अब सहँदैन कि ?

कृष्ण : हेरूँ काका, आज म पनि,
इन्द्रको पानी कति ?
उनी कति छन्, शक्तिशाली,
हेरूँ ज्ञानी छन् कति ?
मूर्ख भए उनी भिड्न थाल्छन्,
ज्ञानी भए, चूप लाग्दछन् ।
दर्पभित्रै खरानी हुन्छन् कि,
माफी मागदछन् ?

[वर्षा, बिजुली, मेघ-गर्जन् हुन्छ । गोप-गोपिनी-हरू भयभीत हुन्छन् । एक छिनपछि कृष्ण मञ्चको दोस्रो पर्दातिर संकेत गर्छन् र सबैलाई भित्र लिएर जान्छन् ।]

[ पर्दा । ]

—★—

## दृश्य—९

[ कृष्ण, मुरली बजाउन भनेर ओठसम्म मुरली लग्छन्, तर रोकिकन्छन् । नूपुर-ध्वनि आउँछ । राधा प्रवेश गर्छिन् । उनको हातमा फूलको एउटा माला छ ।



उनी अलिक पर अडिएर, कृष्णतिर हेर्छिन्, त्यसपछि लज्जावनत भएर आँखा निहुराउँछिन् । दुवै हातमा माला लिएर क्रमशः कृष्णतिर बढ्दछिन्, तर फेरि अड्छिन्, पुनः लज्जावनत हुन्छिन् । यस्तो एकाधिक पटक हुन्छ । बिस्तारै अगाडि बढेकी राधा, कृष्णका नजीक हुन्छिन् । कृष्ण राधाको कम्मर समाउन खोज्द-छन् । राधा लाज मानेर पर जान्छिन् । माला सहित-को, सीमित नृत्य-गति । कृष्ण राधाको नजीक पुग्न चाहन्छन् । राधा पनि कृष्णसम्म पुग्न चाहन्छिन्, तर यस बखत उनको लज्जाले उनलाई छेक्छ । यस्तै भाव-हरूमा नृत्य चल्छ । नृत्यको अन्तमा, राधा शृङ्गारिक भावमा कृष्णतिर हेरिरहन्छिन् । कृष्णसित आंखा जुध्दा फेरि हांसेर, औंलो टोक्दै, बल पनि हेर्छिन् । त्यसपछि माला लिएर कृष्णतिर पुग्छिन् । माला लगाइदिन खोज्छिन् । त्यसै बखत कृष्ण माला लाउनुदेखि राधालाई रोक्छन् । ]

कृष्ण : पर्ख राधे, म तिमीसित,
केही उत्तर माग्दछु ।
तिमी त्यो उत्तीर्ण हुन्छयौ,
भने माला थाप्दछु ।

राधा : मेरो माया सत्य हो भने,
म उज्यालो पाउंछु ।
प्रश्नलाई जितेर म,
कृष्ण कालो पाउंछु ।

कृष्ण : राधा, तिम्रो आज परीक्षा,
उत्तर खोजन सक्निनौ भने,
गर्नु पर्छ प्रतीक्षा ।

राधा : कृष्ण, देऊ प्रेमको भिक्षा ।
बाधाहरूले छेक्ने छैनन,
मेरो प्रेम छ सच्चा ।

कृष्ण : मीठो के हो ? सोझो के हो ?
बाङ्गो हो के, लौ भन ?
हिम-शिखरमा कालो बादल,
भनेको के, लौ भन ?
राधा, तिम्रो आज परीक्षा...

राधा : [ नाच्दछिन् ]
स्वप्न मीठो, सोझो मन हो,
धेरै बाङ्गो, प्रश्न हो ।
[ प्रश्न-चिन्ह दर्शाउँछिन् हातले ]
हिम-शिखरमा कालो बादल,
[ उत्तर नआए झैं अभिनय गर्छिन् ]
हिम-शिखरमा कालो बादल,
[ नआएर आत्तिए झैं अभिनय गर्छिन् ]
हिम-शिखरमा कालो बादल,
[ सोच्छिन् र अब उत्तर फेला पारे झैं, प्रसन्नता र कृष्णतिर 'छल्ने मान्छे' भन्ने भावको हेराइ र नजीक सर्नु । ]
हिम-शिखरमा कालो बादल,
त्यो त राधा–कृष्ण हो ।
[ यसका साथै राधा कृष्णलाई माला पहिराइदिन्छिन्, जुन उनीले कतै झुण्ड्याएर राखेकी हुन सक्छिन् । कृष्ण पनि राधालाई अङ्कमाल गर्दछन् ।
यसैमा अरू गोपिनीहरूको प्रवेश । राधा र कृष्ण छुट्टिन्छन् । गोपिनीहरूमा ईर्ष्याको भाव छ । ]



एउटी गोपिनीः हेर, यी कृष्ण त हामी,
सबलाई माया गर्ने रे ?
वनमा एक्लै भेट्दा चाहिं,
राधा मात्रै पर्ने रे ?
[ एउटा गोपको प्रवेश, जो दृश्यमा कृष्णका साथ थियो । ]

गोप : [हास्यास्पद किसिमले]
मलाई हेर त, म तिम्रो लागि,
कस्तो जाती छु ।
तिमी राधाकी सखी म पनि,
कृष्णको साथी हुँ ।
[ कृष्ण मुसुक्क हाँस्दछन् ]

गोपिनी : [ त्यसको पेटतिर देखाउँदै ]
तिमी यो गोवर्धन उचाली,
कृष्णको फुइँ गर्दछौ ।
हामी तिमीलाई हाँसी देख्छौं,
तिमी ठान्छौ, मर्द हौ ।
[ गोप निराश भएर फर्किन्छ । ]

कृष्ण : म सबैसित रास रचाउँछु ।
तिमीहरू छालामा मोहित छौ,
म सबैलाई माया सिकाउँछु ।
म सबैसित रास रचाउँछु ।
[ सब गोपिनीहरू खुशी भएर नाच्न थाल्छन् । तर कृष्ण एउटै छन, सबै आफूतिर तान्छन कि सामूहिक रूपमा झुम्मिन्छन । यसरी तिनीहरूमा उछिनाउछिन चल्छ । ईर्ष्या चल्छ । पछि छुट्टिन्छन ।
कृष्ण, अन्त्यमा, संकेत गर्छन् । कृष्ण बाहेक ३ अन्य कृष्णहरू भिन्न, तर एउटै किसिमका, नाच्दै

आउँछन् किनभने, सङ्गमा राधा बाहेक ३ गोपिनीहरू पनि छन्। सबै एक-एक गोपिनीसित उभिएर नाच्न थाल्छन्। गोपिनीहरू, चकित र अन्योलमा देखिन्छन्। त्यसपछि गोपिनीहरू पनि नाच्दछन्। ]

कृष्ण : म एउटै रूप हुँ, अनेक रूप हुँ,
म एउटै छु अनि, अनेक पनि छु।

[सबैलाई संकेत] तिमी राधा, यी कृष्ण हुन् यो मेरो माया हो,
म जीवनको आगो हुँ, अभिषेक पनि हुँ।
म प्रेमको क्रीडा गर्छु,
आफ्नो वचन पुऱ्याउँछु।
तिमीहरूको रहरलाई,
म तृप्तिले सजाउँछु।
म सबैसित रास रचाउँछु...।

[ सामूहिक नृत्य। पहिलो कृष्ण राधाको नृत्यका साथ गतिमान हुँदै, मुरली बजाउँछन्। अन्य कृष्ण रूपहरू गोपिनीहरूका साथ नाच्दछन्।

राधाले आँखा चिम्लेको समय पारेर प्रथम कृष्ण लुक्छन्। राधा खोज्दछिन्। ]

राधा : तिमी जलमा, थलमा, नभमा छौ भन्दछन्,
तर किन तिमी कहिलेकाहीं देखिन्नौ ?
कहिले तिमी नआऊ भनी म कोठै थुन्छु,
केही गर्दा पनि, मनमा आउन छेकिन्नौ।
तिमीलाई पाउँदा,
था'छैन के पाउँछु।
यति था'छ, तिमी नहुँदा
आफै नै हराउँछु।



[ सामूहिक नृत्य। राधा र अन्य पनि विह्वल हुन थाल्छन्। शृङ्गारिक अतृप्तिको भावमा नृत्य गर्दछन्। ]

राधा : तनमा यो जलन नदेऊ माधव,
मनलाई यदि रित्तो नपारिदेऊ,
बाँध, हामीलाई चुम्बनमा, अँगालोमा,
आगोलाई शीतको छहारी देऊ।

कृष्ण : म यसै गरी भक्तिभित्र आउँछु,
शीतल मुरलीले पृथ्वी भिजाउँछु,
म सबैसित रास रचाउँछु।

[ कृष्ण मुरली झिकेर बजाउँछन्। नृत्य। तल्लीनता। मुग्धता। कृष्णको धून, नृत्य, तन्मयता। राधा-कृष्ण बीचमा। अन्य कृष्णरूप र गोपिनीहरू वरिपरि नाच्दछन्।

अक्रूर तथा नन्द-यशोदा र केही गोपहरूको प्रवेश। सबैको अनुहार मलिन छ। अक्रूर आई कृष्णलाई प्रणाम गर्दछन्। नृत्य तिनीहरूको प्रवेशका साथै थामिन्छ। ]

कृष्ण : किन हो, मलिन उदासी देख्छु,
सब मानिसका आँखामा।
रातभरिमा कुन त्यस्तो विष,
चुहियो हाम्रो आशामा ?

यशोदा : बाबु तिमी नजाऊ त्यहाँ,
हुरी छ, बतास छ।
त्यहाँ मृत्यु छ, फूल चुँडाल्न,
तिमीमा हाम्रो आश छ।

नन्द : हामीलाई छाडी कतै नजाऊ,
यदि हाम्रो इच्छा सोध्छौ।

तिमीले कहिल्यै जान्यौ कृष्ण,
हाम्रो लागि तिमी के हौ ?

अक्रूर : म भन्छु, सुन हे श्रीकृष्ण,
म व्रजमा किन आएको ?
कंसको ठूलो निम्तोमा,
म तिमीलाई लिन आएको ।

राधा : [व्यंग्यात्मक]
नाउँ त अक्रूर मन्त्रे सुन्छु,
तर यिनी ता झन् क्रूर भए ।
[नन्द यशोदालाई देखाउँदै]
के होला, यी वृद्धहरूको,
आशै चकनाचूर भए ?

कृष्ण : [२-४ पाइला एक्लै मञ्चमा अगाडितिर अर्थात् दर्शकतिर सरेर, उदास हुँदै सम्झेर]
कैदी आमा बाबुलाई
भेट्नु पनि ता धर्म हो ।
जे पनि म गर्छु याहाँ,
पूर्व-निश्चित कर्म हो ।
तिनले शिशुलाई भनेर,
आफू मुक्ति चाहेनन् ।
[नन्द-यशोदा देखाउँदै]
मलाई बाबु-आमा छिए,
आफूले छोरो पाएनन् ।
[कृष्ण जान थाल्छन् । गोपिनी र गोपहरू बाटो छेक्छन् ।]

राधा : कृष्ण, हामीलाई बाँच्न देऊ ।
तिमी जे गर्छौ, आफैसित गर,



हाम्रो प्राण नलेऊ,
कृष्ण, हामीलाई बाँच्न देऊ ।
त्यो मुरली, त्यो तिम्रो हाँसो,
तिमीसित छ, तर हाम्रो नाशो ।
तिमी जाँदा सब द्वार थुनिन्छ,
सबतिर हाहाकार सुनिन्छ ।
सारा व्रज नै रोइरहेछ,
यसको खुशी नलेऊ,
कृष्ण, हामीलाई बाँच्न देऊ ।

गोप : पहिले कति कति बाधा टार्‍यौ,
कालीयलाई वशमा पार्‍यौ ।

गोपिनी : यो जिउनु अब के जिउनु हो,
यदि वियोगकै विष पिउनु हो ?

राधा : तिम्रो सारा ब्रह्माण्डै हो,
हाम्रो तिमी मात्रै हौ ।
कृष्ण, हामीलाई बाँच्न देऊ...

कृष्ण : तिमीहरू मायामा मोहित छौ,
भित्री चक्षु उघारे जित्छौ ।
म कहाँ छु र कहाँ पो छैन ?
कहीं जाँदैमा, जाने हैन ।
यो ब्रह्माण्ड हो मेरै छायाँ,
सूर्य-चन्द्र छन्, दायाँ-बायाँ ।
जसको काल शरणमै पर्‍यो,
त्यो मारेर, कसरी मर्‍यो ?
मलाई धर्मले मागिरहेछ,
मथुरा जान देऊ ।

सबै : कृष्ण, हामीलाई बाँच्न देऊ ।

[कृष्ण, गोप-गोपिनीहरूलाई स्नेहले उठाउँछन्। माता पिताको दर्शन गर्छन्। नन्द-यशोदा, कृष्णको शिरमा हात राख्छन। कृष्ण राधानिर जान्छन्। राधा, भक्ति भावले कृष्णको दर्शन गर्छिन्। सबै गोप-गोपिनी उनलाई प्रणाम गर्दछन्। अक्रूरका साथ कृष्णको प्रस्थान। पछि पछि सबको प्रस्थान। अगिकै गीतको लयमा, सामूहिक अलाप।]

[पर्दा।]

—*—

## दृश्य—१०

[कंसको सभा। कंस नृत्यावलोकन गर्दैछ। सभामा कृष्णको प्रवेश। कंस नर्तकीहरूलाई नृत्य बन्द गर्ने संकेत दिन्छ। कंस त्यहीं उभिन्छ।]

कंस : आयौ बाबु समयभित्र नै
जाने यो वरु कहिले हो?
अब तिमीलाई हेर्न लगाउँछु,
बाँकी खाता पहिलेको।

कृष्ण : हेर्नै हो भने त्यस खातामा,
मृत्युकै त हिसाब थियो।
म सच्याउँछु अब त्यो खाता,
पहिले केही खराब थियो।

कंस : सुन्यौ सभासद, यो को हो?
यो मूसो भई हुप्पो छुन्छ।



मामालाई मार्ने सोच्छ,
आफूलाई ईश्वर हुँ भन्छ।
[सभासदहरूको हाँसो। कंस बस्छ]

कृष्ण : आमालाई जेल दिनेलाई,
मामा ठान्नु धोका हो।
जहां बहिनी बन्दी बन्छे, त्यां,
नाता पानीको फोका हो।

कंस : जो मृत्युका कारण बन्छन्,
त्यस्ता कहिल्यै छुनिदैनन्?
यही न्याय हो, अरू न्यायका,
कुरा कतै पनि सुनिदैनन्।

कृष्ण : के मृत्युको भयले कोही,
हत्यारा पनि बन्ने हो?
अनि हत्यारा बन्दैमा,
तिम्रो आउने मृत्यु टर्ने हो?

कंस : [क्रोधित]
चाणूर, मुष्टिक, लौ यसलाई,
पाता कसेर ल्याओ यता।
[चाणूर र मुष्टिक नामक पहलमान कृष्णलाई दुवैतिर समाउन उभिन्छन्।]

कृष्ण : कंस, अब तिमी केही छिन नै,
बस्छौ आफ्नो आसनमा।
[चाणूर र मुष्टिकसित कृष्णको मल्ल युद्ध। अन्त्यमा ढलेर तिनीहरू निश्चेष्ट हुन्छन्। कंस दुवैलाई त्यहांबाट लैजाने संकेत गर्छ। ४ जना आएर दुवैलाई तानेर मञ्चबाट लैजान्छन्। कंस ओर्लेर कृष्णनिर आउँछ। कृष्ण र कंस, दुवै युद्ध-मुद्रामा घुम्दछन्, दाउ-पेच चलाउन खोजिरहे कैं।]

कंस : कृष्ण तिमी के लड्छौ मसित,
तिमी ता छौ सारै बालक ।

कृष्ण : मलाई मूर्खले बालक देख्छ,
अरू सबले देख्छन् पालक ।

कंस : तिमी तिम्रा अन्तिम शत्रु हौ,
म तिम्रो अन्तिम त्रास हुँ ।
तिमी को हौ र भन्छौ आफूलाई
म ठूलो आकाश हुँ ?

कृष्ण : अबलाहरुको आशा हुँ,
निर्धाको अन्तिम युक्ति हुँ ।
म तिम्रो मृत्यु हुँ,
मेरा माता पिताको मुक्ति हुँ ।

[ कृष्ण र कंस भिड्दछन् । कृष्ण, कंसमाथि चढेका हुन्छन् । कंसको पाखुराबाट जीउ छलेर कृष्ण निस्किन्छन् । एकै छिन, कृष्णको जीउभरिको बनाएको कंसका पाखुराको घेरा खाली देखिन्छ । अन्त्यमा कृष्ण कंसको जगल्टा समाएर झड्कार्दछन् । कंस शिथिल हुन थाल्छ । २-३-४ पटक यस्तै भएपछि कृष्ण कंसलाई खुट्टोमा खुट्टो अल्झाएर लडाउँछन् र छातीमा एक घुँडा धसेर बस्छन् ।

त्यसपछि माथिबाट सिक्री र हतकडीहरू खस्छन् । त्यसको एक छिनपछि वसुदेव र देवकीको मुक्त अवस्थामा प्रवेश । कृष्ण उठ्दछन । उठेर बिस्तारै आमा–बाबुतिर जान्छन् । अडिन्छन् । एकै छिन दुवैथरीमा हेराहेर भइरहन्छ । आमा बाबुको हर्षाश्रु । कृष्ण पनि उल्टो हत्केलाले आंखा र अनुहार पुछेर, निःश्वासका साथ, वसुदेव–देवकीनिर पुग्छन् । अनि दुवैका चरण-



निर घुँडा भसेर बस्छन् । दुवै कृष्णको टाउको मुसार्दछन् ।

मुरलीको धून अगिदेखि बजिरहेको हुन्छ । पर्दा ]

पर्दा फेरि उघ्रिन्छ । त्यहां राधा र कृष्णको जोडा उभिएको छ । त्यसअघि नै नेपथ्यबाट उही योगीको आवाज सुनिन्छ ।

नेपथ्य : मुटुलाई जोड्दछ ईश्वरमा,
जुन ईश्वर बस्दछ, कता-कता ।

समूह : श्रीकृष्ण कथा, श्रीकृष्ण कथा......
श्रीकृष्ण कथा, श्रीकृष्ण कथा......

[ पर्दा ]

—★—

प्रकाशक:
सांस्कृतिक संस्थान
राष्ट्रिय नाचघर
काठमाडौं ।

मूल्य रु. २।२५

मुद्रक:
चारु प्रेस
कमलादी, काठमाडौं ।
फोन १५५२०

श्रीकृष्ण जन्माष्टमीको पुनीत उपलक्ष्यमा

सांस्कृतिक संस्थान प्रस्तुत गर्दछ

# 'श्रीकृष्ण लीला'

(गीति-नाटक)



२०४० भदौ १५ गते